कालिमाटी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रामपुर, सल्यान

कर्णाली प्रदेश, नेपाल ।

## व्यवसाय दर्ता गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।

**प्रथम पटक प्रकाशित मिति २०७९/०२/१८**

नेपालको संविधानको अनुसूची ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ तथा यस गाँउपालिकाको व्यवसाय कर व्यवस्थापन कार्यविधि, २०७६ को दफा ३ को उपदफा (२) बमोजिम हालसम्म गाँउपालिकामा दर्ता नगरी सञ्चालनमा रहेका कुनै पनि प्रकारको उद्योग, व्यापार, पेशा वा यस्तै अन्य प्रकृतिका व्यावसायिक कारोबार गर्ने व्यक्ति, फर्म वा कम्पनिले यो सूचना प्रकाशन भएको ३५ पैतिस दिनभित्र देहायका विवरण तथा कागजात संलग्न राखी गाँउपालिकाको कार्यालय वा सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यस सूचनाको म्याद भित्र निवेदन पेश नगरी सञ्चालन हुने व्यवसायलाई गाँउपालिकाको व्यवसाय कर व्यवस्थापन कार्यविधि, २०७६ को दफा १६ बमोजिम निजलाई कार्यालयबाट फिर्ता गर्नुपर्ने भए त्यसमा कट्टी गरेर वा नेपाल सरकार, प्रदेश सरकार, गाँउपालिका वा सरकारी स्वामित्त्वका संघ संस्थाबाट करदाताले पाउने रकमबाट कट्टी गर्न लगाएर वा बैंक वा वित्तिय संस्थामा रहेको करदाताको रकमबाट कट्टी गर्न लगाएर वा करदाताले कारोबार रोक्का गरेर वा करदाताको चल अचल सम्पत्ति दावी वा रोक्का गरेर वा करदाताको सम्पत्ति एकैपटक वा पटकपटक गरी लिलामविक्री गरेर निजबाट लिनुपर्ने व्यवसाय कर असूल उपर गरि सोही कार्यविधिको दफा ३ को उपदफा (५) बमोजिम व्यवसाय बन्दको कारबाही समेत चलाउन सकिनेछ ।

क. व्यवसायीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

ख. प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट व्यवसाय दर्ता र इजाजत प्राप्त गरेको प्रमाणको प्रतिलिपि

ग. गैर नेपालीको हकमा सम्बन्धित देशको नागरिकता वा नागरिक जनिने प्रमाणपत्रको प्रतिलिपि

घ. सम्बन्धित वडा कार्यालयको सिफारिस वा सरजमिन मुचुल्का

ङ. व्यवसाय सञ्चालनमा रहेको अवधि खुल्ने कागजातहरु घरभाडा, पानी बिजुली तिरेको रसिद, कर कार्यालयमा बझाएको रसिद वा अन्य यस्तै कागजात

च. सञ्चालकको दुई प्रति पासपोर्ट साईजको फोटो ।

८/०३/०२/१८

.................................

हरि बहादुर खत्री

हरि बहादुर खत्री

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत